# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर

### इलेक्ट्रोनिक्स सामान (ल्यापटप, प्रिन्टर, स्क्यानर र यूपियस) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०२/२०**

यस आयोगको लागि आवश्यक तपशिल बमोजिमका सामान सामग्रीहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**दरभाउ सम्बन्धी विवरण**

| क्र.स | सामानको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | इलेक्ट्रोनिक्स सामान | | |
| | क) ल्यापटप | ४ थान | |
| | ख) मल्टिफङ्सन प्रिन्टर | ४ थान | |
| | ग) स्क्यानर ठुलो | १ थान | |
| | घ) यूपियस | ४ थान | |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०७६/०२/२० गतेसम्म कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी दरभाउपत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७५/०७६ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा दरभाउपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ। यी कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन।

२. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०७६/०३/०२ गतेसम्मको कार्यालय समयभित्र खरिद गरि सकी २०७६/०३/०३ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। प्राप्त भएका दरभाउपत्रहरु २०७६/०३/०३ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ। दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र साथ बोलपत्र जमानत बापत सवारी साधन इलेक्टोनिक्स सामान (ल्याउटप, प्रिनर, स्क्यानर ठुलो र यूपियसको लागि जम्मा रकम रु १५७१४/- (अक्षेरुपी पन्ध हजार सात सय चौध रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता न ख ३ (०१८०-५१-००१६८५६ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा ७५ दिन म्याद भएको (सिलबन्दी पत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (बिडबण्ड) पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ।

५. सामान सप्लाइ सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले सप्लाइ गर्ने सामानको स्पेशिफिकेशन दरभाउपत्रसाथ उपलब्ध गराइनेछ। साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारबाहि हुनेछैन।

८. स्वीकृत दरभाउपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउ फाराममा उल्लेख गरे बमोजिम हुनेछ।

१० प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

११ सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली (छैटौं संशोधन) २०६४ बमोजिमको प्रकिया पुरा भएको हुनपर्नेछ।

१२ कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ।